

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । 100% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ १६ गते शनिबार ❑ 2 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## प्रधाननमन्त्री फेरिए पनि भ्रष्टचारको महाअभियान रोकिदैन: प्रधानमन्त्री प्रचण्ड

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं

प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले देशमा हाल आफ्नो नेतृत्वमा सुरु भएको भ्रष्टचार बिरुद्धको महाअभियानमा प्रचण्ड दोषी भए पनि नछाड्न निर्देशन दिएको बताउनु भएको छ । समाजबादी मोर्चा गण्डकी प्रदेशले शुक्रबार पोखरामा आयोजना गरेको सन्देश सभामा सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले धेरै चुनौतीको सामना गरेर सुरु गरिएको महाअभियानमा दोषी भए कुनै पार्टी मात्र होइन प्रचण्डसम्म कारवाही गर्न प्रहरीको राष्ट्रिय अनुसन्धान ब्यूरो (सीआईबी) लाई निर्देशन दिएको बताउनु भएको हो ।

उहाँले भन्नु भयो "सानो उद्धेश्यले महाअभियान सुरु गरिएको होइन, प्रहरीलाई, सेक्यूरिटि फोर्स र सबै अनुसन्धानकर्तालाई मैले भनेको छु, तपाईहरुले अनुसन्धान गर्दै जानुहोस निष्पक्ष, निस्वार्थ रुपमा बाटोमा प्रचण्ड देखियो भने नछोड्नुहोस भनेको छु मैले प्रधानमन्त्रीको हैसियतले ।" केही समय त मानिसहरुले माओबादीका विभिन्न नेताहरु भ्रष्टचारमा मुछिएको बिषयमा भ्रम दिएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले प्रतिवेदनमा नाम उल्लेख गर्ने तर सोधपुछ नगर्ने जनतालाई देश भरी भ्रम दिने सरकारलाई अप्ठ्यारोमा पार्ने आफु गिरफ्तार पनि नगर्ने बयान लिन पनि नबोलाउने भन्न सम्मको कुरा प्रहरीलाई भनेको दाबी गर्नु भयो । अब त्यो कुरा लगभग क्लियर भएको दाबी गर्दै प्रधानमन्त्री प्रचण्डले माओबादी, कांगेस, एमाले, समाजबादी जो कोही होस कोही नछुटोस तर निर्दोष नपरोस भनेर आफुहरुले प्रहरीलाई कडा रुपमा निर्देशन दिएको उल्लेख गर्नु भयो । नेपाल कम्युनिष्ट पार्टी




(माओबादी केन्द्र) का अध्यक्ष समेत रहनु भएका प्रधानमन्त्री प्रचण्डले माधव कुमार नेपालको बारेमा धेरै चर्चा परिचर्चा चले पनि हाल उहाँ निर्दोश सावित भएको जनाउनुभयो । सिआईबीले नेपाललाई अन्ततः बयान लिएसंगै निर्दोश सावित गरेर मुद्धा चलाउन नपर्ने भनेर लिखत रुपमा दिएको उहाँको भनाई थियो । सुरुमा केही साता होला की भनेको काम गर्दै जादा हाल ८ महिना वित्नै लागेको उहाँले बताउनु भयो ।

प्रधानमन्त्री हेरफेर भए पनि यो गठबन्धन ५ बर्ष जाने उहाँले विश्वास व्यक्त गर्नु भयो । पार्टीका शिर्ष नेताबाटै देशमा ठुलो भ्रष्टचार भएकोले देशको आर्थिक विकास र शुसासन हुन नसकेको प्रधानमन्त्री प्रचण्डको भनाई थियो । नेपालमा पर्यटन आगमनमा बृद्धि भएसंगै अर्थतन्त्रमा सुधार हुदै आएको उहाँको भनाई थियो । आर्थिक कृयाकलाप जति रुपमा चलायमान र गतिशिल हुनुपर्ने हो त्यही अझै नभएको बताउदै प्रधानमन्त्री प्रचण्डले अझै बैंकको व्याजदर, लघुबित्तको समस्या देखि सहकारी लगायको समस्या अझै हल नभएको बताउनु भयो । सरकारको तलवबार त्यसको समाधान गर्न निरन्तर रुपमा लाग्दै आएको उहाँले बताउनु भयो ।

राजश्व संकलनमा देखिएको बेतिथी, रेमिट्यान्स रहेको बेथितीहरु र विदेशी मुद्रा संचितीका सन्दर्भमा देखिएका समस्या समाधान गर्न तर्फ आफ्नो ध्यान केन्द्रित भएको प्रधानमन्त्री प्रचण्डले बताउनु भयो । हाल देशमा रेमिट्यान्स करिब २६.६ प्रतिशतले बढेको, राजश्व २१.५ प्रतिशतले बृद्धि भएको विदेशी मुद्राको संचिती १० महिना भन्दा बढीलाई पुग्ने संचित भएको प्रधानमन्त्री प्रचण्डले दाबी गर्नुभयो ।

नेपाल अब छिट्टै श्रीलंकाको स्थितीमा पुग्छ भन्ने आंतक सृजना गर्न खोजिएको अबस्थामा आफु प्रधानमन्त्री भएको बताउदै उहाँले निजी क्षेत्र र सार्वजनिक क्षेत्रको बिचमा सहकार्यको नयाँ प्रकृयाको थालनी गर्दै मौद्रिक निती र वित्तिय नितीका बिचमा एउटा नयाँ सामजस्यता कायम गरी अर्थतन्त्रमा देखिएको भयानक संकटलाई समाधान गर्ने तर्फ लाग्दै आएको उहाँको भनाई थियो । विदेशमा जाने नेपाली युवाहरुको निम्ति सामाजिक सुरक्षाकोषमा आबद्ध गर्ने घोषणा गरेसंगै विदेशमा रहेका श्रमिक मध्य हाल ३ लाख ५० हजार नेपाली युवाहरु उक्त सुरक्षाकोषमा आबद्ध भएको दाबी गर्नु भयो । एकहदसम्म उहाँहरुको भविश्य सुनिश्चित भएको प्रधानमन्त्री प्रचण्डले दाबी गर्नु भयो । उहाँले भन्नु भयो "मैले सुरुमा प्रधानमन्त्रीको जिम्मेवार लिदै गर्दा जनतालाई राहत दिने गरी लाइसेन्स वितरण र पासवोर्ड वितरण कार्यलाई सहज पार्ने कामको सुरुवात गरे ।" अनौपचारिक क्षेत्रमा काम गर्ने स्वरोजगारमा रहेका श्रमिकहरुको लागि जसको सङ्ख्या ४० देखि ५० लाख रहेको दाबी गर्दै प्रधानमन्त्री प्रचण्डले उहाँहरुलाई समेत सामाजिक सुरक्षाकोषमा आबद्ध गरीने घोषणा गर्नू भयो । उक्त प्रकृया अघि बढेको बताउदै उहाँले यस अभियानले धनिलाई धेरै धनि हुनबाट रोक्ने र गरिबलाई धेरै गरिब हुनबाट रोक्दै समाजबाद र समानताको आधार तयार पार्ने दाबी गर्नु भयो । समाजबादको भ्रुणको रुपमा विदेशमा गएका लाखौं नेपालीहरुलाई संगठित गर्ने देश भित्र भएका लाखौं श्रमिकहरुलाई आबद्ध गर्ने र नयाँ अभियान चलाउने काम सुरु भएको उहँको भनाई थियो । भ्रष्टचार बिरुद्धको महाअभियानको साथ साथै सिंहदरबारबाटै देशका राष्ट्रिय गौरवका योजनाहरु अनुगमन गरी छलफल गरी गति दिने कामको सुरुवात भएको प्रधानमन्त्री प्रचण्डले दाबी गर्नु भयो ।

भ्रष्टचारले नेपाल थिलोथिलो भएको दाबी गर्दै प्रधानमन्त्री प्रचण्डले नेपाली समाज यति वेतिथीमा आउनुमा एउटा मुख्य कारण भ्रष्टचार भएको उहाँको दाबी थियो । राज्यको नेतृत्वमा पुगेका व्यक्तित्वहरुबाट र नेता तथा कर्मचारीतन्त्र केही सस्थाहरु भ्रष्टचारमा आबद्ध भएकोले राज्य नै कहिन कहि संस्थागत भ्रष्टचार देखिनुमा नेपालको निम्ति बिडम्बना भएको ठानेर एक पछि अर्को भ्रष्टचार बिरुद्ध वोल्नु पर्छ भनेर नक्कली भुटानी शरणार्थी प्रकरण एक प्रकारको मानव वेचविखन, जमिनमा माफियाको जगजगी छ भनेर ललिता निवास प्रकरण, देश भरी रहेको भूमाफिया बिरुद्ध सुन तस्करीको कुरा क्विन्टलका क्विन्टल सुन तस्करी बिरुद्ध आफुहरु आक्रमक रुपमा लागेको प्रधानमन्त्री प्रचण्डले बताउनु भयो ।

## गाईजात्रा (ताया:मचा) नृत्यमा युवा आकर्षित

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं

नेवार जातिको संस्कृति तायाःमता नृत्य (गाईजात्रा) पर्वप्रति नेवारी युवाको आकर्षण बढ्दै गएको छ । संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले पोखरामा नेवार समुदायका एक हजार युवा यो पर्वमा सहभागी हुन थालेका हुन् ।

नेवाःखलका जिल्ला अध्यक्ष अशोक पालिखेले तीन-चार वर्षयता नेवारी संस्कृतिप्रति युवाको चासो र सक्रियाता बढेको बताउनुभयो । पाँच वर्षअघिसम्म पोखराका सात-आठ स्थानमा हुने तायाः मचा नृत्य अघिल्ला वर्ष ३३ स्थानमा हुन थालेको उहाँले जानकारी दिनुभयो ।

"जनैपूर्णिमाको भोलिपल्ट हुने तायाःमचा नृत्यप्रति युवाको आकर्षण स्वतस्फुर्त बढ्दै गएको छ", अध्यक्ष पालिखेले भन्नुभयो, "युवालाई संस्कृतिप्रति आकर्षित गर्न पछिल्ला वर्ष तायाःमचा नृत्यलाई प्रतियोगिताको रूपमा विकास गरी आकर्षक पुरस्कारको व्यवस्था पनि गरिएको छ ।" पोखरामा नेवाःखलले विसं २०५६ देखि यस नृत्यलाई व्यवस्थित र सङ्गठितरुपमा सञ्चालन गर्दै आएको छ । 'आफ्नो भाषा, संस्कृति र सभ्यताको संरक्षण र संवर्द्धन गरौं' भन्ने मूल नारासहित सो संस्थाले तायाःमचा नृत्यलाई पोखराको पर्यटनसँग जोड्न सुरु गरेको अध्यक्ष पालिखेले बताउनुभयो । पोखरामा देखाइने यो नाच अवलोकनका गर्न पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ, लमजुङ, मनाङ, स्याङ्जा, तनहुँलगायत जिल्लाबाट पनि मानिसहरू आउने गरेको गरेका छन् । "यो नृत्यमा विदेशीसमेत उत्सुकताका साथ अवलोकन गर्नाका साथै सहभागी पनि हुने गरेका छन्", अध्यक्ष पालिखेले भन्नुभयो, "राज्यका



तर्फबाट पनि यस्ता संस्कृतिको संरक्षण हुन जरुरी छ ।" नेवार समुदायमा अघिल्लो वर्ष परिवारका सदस्यको मृत्यु भएमा उनीहरूको संझनामा गाईलाई सिँगारेर र कुनै एक जनालाई जोगीको भेषमा सजाएर यस्तो प्रदर्शन गरिन्छ । गाईले मृतात्मालाई बैतरणी पार्न सहयोग गर्छ भन्ने मान्यता नेवार समुदायमा रहँदै आएको छ । नेवारी संस्कृतिका जानकार तथा संस्कृतिकर्मी कृष्णबहादुर श्रेष्ठका अनुसार गाईजात्रा मनाउनुको मुख्य उद्देश्य गाईको सिङले यमलोकको ढोका खोल्दछ र मृत व्यक्तिको आत्मा त्यसभित्र प्रवेश गर्न पाउँछ भन्ने मान्यता रहँदै आएको छ । राजा प्रताप मल्लले पुत्रशोकले विह्वल भएकी रानीलाई दुनियाँले पनि यस्तै शोक बेहोर्नुपर्छ भन्ने देखाउन 'जनतालाई आ-आफ्नो घरका मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली सहर परिक्रमा गराउनू' भनी आज्ञा दिएकाले यो पर्व सुरु भएको बताइन्छ। यति गर्दा पनि रानी शोकबाट मुक्त हुन नसकेपछि विभिन्न प्रकारका व्यङ्ग्यात्मक कार्यक्रमसमेत गराउन आदेश दिएपछि हास्यव्यंग्यको चलन सुरु भएको जनश्रुति छ । एक वर्षभित्र दिवङ्गत भएका आफन्तको सम्झनामा आजका दिन मानिसलाई गाईका रूपमा सिँगारी आ-आफ्नो क्षेत्रमा परिक्रमा गराउने र उनीहरूलाई दूध, फलफूल, रोटी, चिउरा, दही खुवाउने गरिन्छ । गाईजात्रा नेवार समुदायको सत्रौँ शताब्दीदेखि चलिआएको प्रथा हो । यसलाई गाईको पूजा एवं हाँसो र ठट्टाको पर्वका रुपमा पनि चिनिने गरिएको जानकारी पोखरा-९ महेन्द्रपुल निवासी रवीन्द्र माकाजुले दिनुभयो । संस्कृतिकर्मी अष्टमान प्रधानाङ्गका अनुसार गाईजात्रा मनाउने क्रममा वर्षभरि ज्यान गुमाएका आफन्तको सम्झनामा विम्ब खडा गर्ने परम्परा छ । केटा मर्दा केटाको लुगा र केटी मर्दा फरिया डोकोमा बेरेर गाईको चित्र र त्यसमा परालको सिङ गुथेर सिन्दूर, टीका र मालाले पूजा गरिन्छ र सहर घुमाउन लैजाने


बाँकी अन्तिम पृष्ठमा ▶▶


## प्रधानमन्त्रीको चीन भ्रमणमा गण्डकीका ५ एजेण्डा समावेश गर्न पोखरेली अगुवाहरुको माग

**पोखरापत्र संवाददाता**
पोखरा, १५ भदौं

पोखरा एयरपोर्टको चिनियाँ ऋणलाई अनुदानमा बदल्नको लागि पहल गनुपर्नेदेखि कोरोला र रुइला नाका संचालनसम्मका विषय उठान

पोखरा, १५ भदौ । पोखराका व्यावसायिक तथा सामाजिक संघ-संस्थाहरुले प्रधानमन्त्री प्रचण्डसँग पोखरा एयरपोर्टको लागि चीनले दिएको ऋणलाई अनुदानमा बदल्नको लागि पहल गर्न आग्रह गरेका छन् । सवै संघ/संस्थाको तर्फबाट पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले हस्तान्तरण गरिएको ज्ञापनपत्रमा असोज ४ गतेदेखि हुने प्रधानमन्त्रीको चीन भ्रमणमा यो एजेण्डा समावेश गर्न माग गरिएको हो । यस्तै नेपाललाई 'गन्तव्य राष्ट्र'मा सूचीकृत गर्न, कोरोला नाका संचालनको पहल थाल्न एवं गोर्खामा पर्ने रुइला नाका खोल्न, पोखरा चक्रपथको लागि सहयोग जुटाउन तथा पोखरा-मुग्लिन



सडक निर्माणमा चिनियाँ ठेकेदार कम्पनीले देखाएको ढिलासुस्तीबारे जानकारी गराउन पनि माग गरिएको छ । पोखराका मेयर धनराज आचार्य, पूर्वसांसद राजकाजी गुरुङसहित नेपाल उद्योग वाणिज्य महासंघ तथा पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष आनन्दराज मुल्मी,संघकै निवर्तमान अध्यक्ष नारायण कोइराला, पूर्वअध्यक्ष विश्वशंकर पालिखे, पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठ,पोउवा संघका उपाध्यक्ष उत्तममान बुद्धाचार्य,महासचिव बलराम आचार्य, उपमहासचिव शोभा गौतम, सदस्य बालकृष्ण कोइराला,पोखरा पर्यटन परिषदका पूर्वअध्यक्ष गणेशबहादुर भट्टराई,हालका महासचिव संजयकान्त सिग्देलगायतका अगुवाहरुले प्रधानमन्त्रीलाई ज्ञापनपत्र हस्तान्तरण गरेका हुन् । प्रधानमन्त्री प्रचण्डले ज्ञापनपत्रमा लेखिएका सवैजसो विषयहरु भ्रमणको एजेण्डामा परेको बताए । 'कोरोला नाकामा संरचना बनाउने र खोल्ने कुरा भएकै छ,रुइला नाका खोलिँदै छ ,एयरपोर्टको कुरा पनि उठान हुन्छ,'उनले प्रतिनिधिमण्डलाई आश्वस्त पार्दै भने,'सवै कुरा होलाजस्तो छ ।'

ज्ञापनपत्रमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट चेन्दु-पोखरा र पोखरा-कुनमिङ हुँदै हङकङ गन्तव्य बनाएर उडान भर्ने वातावरण मिलाउन, पोखरा एयरपोर्टको २५ सय मिटरको धावनमार्ग ३ हजार मिटर बनाउने निर्णयसहित निर्माणमा चीन सरकारको सहयोग खोज्न सुझाइएको थियो । यस्तै पोखरा र नेपाललाई चिनियाँ नागरिकको भ्रमण गन्तव्यमा सूचीकृत गर्दै निश्चित अवधिका लागि दुवै देशले भिसा फ्रि गर्न, पोखरामा चिनियाँ महावाणिज्य दूतावास स्थापनको आग्रह गर्नुपर्ने विषय पनि ज्ञापनपत्रमा समेटिएको छ ।

कोरोला नाका संचालनमा आए नेपाल-चीन नाकाहरुमध्ये सवैभन्दा फराकिलो,धेरै पूर्वाधार निर्माण गर्ने ठाउँ उपलब्ध र तुलनात्मक रुपमा सहज र व्यावसायिक लागत कम हुने नाका बन्ने जानकारी गराउँदै ज्ञापनपत्रमा भनिएको छ,'कोरोला नाका संचालनपश्चात मुक्तिनाथ-दामोदरकुण्ड हुँदै मानसरोवर कैलाश पर्वत यात्रा सहज हुने हुनाले पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग पुग्नेछ


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ) द्वारा पोखराका चार महिला सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, १५ भदौं

आर्थिक विकासका लागि पर्यटन व्यवसायमा महिला भन्ने नाराका साथ स्थापना भएको महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)ले समाज रुपान्तरणमा योगदान पुऱ्याएका पोखराका चार महिलालाई सम्मान गरेको छ।

"गण्डकी प्रदेशको दिगो पर्यटन, सांस्कृतिक पर्वहरुको प्रवर्द्धन" गर्न उद्देश्यका साथ आयोजना गरिएको तिज विशेष नारी सम्मान कार्यक्रम २०८० मा प्रतिनिधि सभा सदस्य विद्या भट्टराईले उहाँहरुलाई सम्मान गर्नुभएको हो । सम्मानीत हुनुहुनेमा हिंसा पीडित महिला एवम मानसिक स्वास्थ्यको क्षेत्रमा क्रियाशिल अधिकारकर्मी विना सिलवाल, पर्यापर्यावरण संरक्षण एवम महिला र बालबालिकाको न्यायका पक्षमा आवाज उठाउँदै आउनु भएकी अधिवक्ता भगवती पहारी, पर्यटन व्यवसायी एवम बालबालिकाको क्षेत्रमा क्रियाशिल अभियन्ता गोमा ढकाल र पाँचवटा क्यान्सरसँग जुधेर पनि सक्रिय उद्यमी जीवन व्यतित गरिरहनु भएकी महिला उद्यमी एवम अभियन्ता लक्ष्मी शर्मा भट्टराई हुनुहुन्छ।



सम्मान कार्यक्रममा प्रतिनिधि सभा सदस्य विद्या भट्टराईले समाज रुपान्तरणमा महिलाको योगदानको चर्चा गर्दै तीज पर्व पछिल्लो समय महिलाको महान पर्वको रुपमा विकसित हुँदै एक अर्काबीच माया बाड्ने स्वतन्त्रताको पर्वको रुपमा स्थापित हुँदै गएको बताउनुभयो। उहाँले सामाजिक विकासक्रमसँगै संस्कृतिहरु पनि हस्तान्तरण हुँदै जाने र समुदायले अपनत्व लिने संस्कृतिको विकास गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले तीज पर्वका विषयमा विभिन्न टिकाटिप्पणी आइरहेको सन्दर्भलाई जोड्दै तीज पर्व पनि सरकारसँग जोडिन पुगेको बताउनुभयो। समुदायको भावना र सद्भावलाई कायम राख्न सरकारले नियन्त्रणकारी सोच नराखी सहजकर्ताको भुमिका निभाउनु पर्ने उहाँको भनाइ थियो । भट्टराईले सरकारको नियन्त्रणकारी सोचले समाजमा अन्तरविरोध एवम् विखण्ड पैदा गर्न भएकाले पर्वलाई कसरी सबैले मनाउन सक्छन् भन्ने विषयमा सहजीकरण गर्नुपर्ने दायित्व सरकारको भएको बताउनुभयो।

उहाँले पोखरा पर्यटकीय गन्तव्यसँगै आर्थिक रुपमा गतिशिल शहरको रुपमा विकास गर्न सबैको साझा र स्पष्ट दृष्टिकोण हुनुपर्नेमा जोड दिनुभयो । कार्यक्रमा गण्डकी प्रदेशका प्रदेश सभा सदस्य देवका पहारीले पर्यटन क्षेत्रमा महिला पर्यटन व्यवसायीको योगदान उल्लेखनीय रहेको जनाउँदै चाड पर्वलाई महिला शसक्तीकरणसँग जोडेर अगाडि लानुपर्ने बताउनुभयो। सामाजिक समानताको अभियानमा यस्ता पर्वलाई माध्यम बनाएर समग्र विकासका लागि साझा धारणा र दृष्टिकोणको आवश्यकता रहेको उहाँको भनाइ थियो।

कार्यक्रममा सम्मानित चारैजना व्यक्तित्वले सामाजिक क्षेत्रका लाग्दा भोग्नु परेको आफ्नो अनुभव सुनाउँदै सम्मानले थप क्रियाशिल हुन ऊर्जा मिलेको भनाइ राख्नुभएको थियो। महिलालाई साँधुरो घेरामा नभइ वृहत रुपमा स्वतन्त्र र खुला रुपमा बहस गर्ने वातावरण सृजना गर्नुपर्नेमा उहाँहरुले जोड दिनुभएको थियो।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्माले परिवर्तीतित समयसँग चाड पर्व मान्ने मनाउने तरिका पनि बदलिदै गएको जनाउँदै तीज पर्वलाई गलत व्याख्या नगरी महिला अधिकार स्वतन्त्रताको पर्वको रुपमा मनाउनुपर्नेम जोड दिनुभयो।

कार्यक्रममा संस्थाका अध्यक्ष उमा भण्डारीले तीज पर्वले महिलामा उत्साह उमंग र ऊर्जा दिने भएकाले पर्वको महत्व र महिमा लागि सकारात्मक रुपमा लिएर कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । उहाँले संस्थाले स्थापना देखिनै महिला सशक्तिकरणका लागि विभिन्न कार्य गर्दै आएको र आगामी दिनमा पर्यटन क्षेत्रको विकाससँगै सदस्यहरुको नेतृत्व विकासमा जोड दिएर कार्यक्रम गर्दै जाने बताउनुभयो।

कार्यक्रमकमा संस्थाका महासचिव लक्ष्मी लामिछाने सञ्चालन र कार्यक्रम संयोजक विकल्प बोगटीले स्वागत मन्तब्य सहित कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो।

# स्थापना दिवसमा रेडक्रस कास्कीको अभिमुखिकरण

पोखरापत्र संवाददाता
पोखरा, १५ भदौं

६१ औं नेपाल रेड्क्रस स्थापना दिवसको अबसरमा नेपाल रेड्क्रस सोसाइटी लैङ्गिक तथा सामाजिक समाबेसिकरण समिति कास्कीद्वारा आयोजित पोखरा महानगर स्तरिय अभिमुखिकरण शुक्रवार पोखरामा सम्पन्न भएको छ। कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्धाटन गर्नु भएको थियो।

प्रमुख पौडेलले सामाजिक सेवा र मानव कल्याणमा खेलेको भुमिका अतुलनीय रहेको भन्दै निरन्तर समाज सेवाका कार्यमा लागि रहन आग्रह गर्नुभयो।

पौडेलले नेपाल रेडक्रसको ६१ औ स्थापना दिवसको अबसरमा शुभकामना व्यक्त गर्दै आगामी दिनमा सबै मिलेर सुन्दर र समद्ध कास्की निर्माणका लागि अघि बढ्न आग्रह गर्नुभयो । कार्यक्रममा रेड्क्रस गण्डकी प्रदेशका सभापति सुर्य प्रसाद ढकाल ,कास्की सभापति डण्डराज शर्मा ,उपसभापति उर्मिला खड्का, रमा त्रिपाठी , कार्यकारी अधिकृत कृष्ण कोइराला लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो।




पोखरा महानगर पालिका अन्तर्गतका ३१ वटा उप शाखाका रेडक्रसकर्मी महिलाहरूको सहभागीता रहेको सो अभिमुखिकरण कार्यक्रममा रेड्क्रसका नीति सिद्धान्त ,गतिविधि एबम रेडक्रसका बिबिध पक्ष बारे अभिमुखिकरण प्रदान गरिएको थियो।

नेपाल रेड्क्रस सोसाइटी लैङ्गिक तथा सामाजिक समाबेसिकरण समिति कास्कीका संयोजक रमा कोइरालाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन कार्यालय प्रमुख मोहन सिंह खड्काले गर्नुभएको थियो।

# कांग्रेसमाथि चौतर्फी आक्रमण भयो : डा कोइराला

पोखरापत्र संवाददाता
दमौली, १५ भदौं

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले कांग्रेसलाई चौतर्फी आक्रमण भइरहेको बताउनुभएको छ।

शुक्रबार दमौलीस्थित वीपी स्मृति भवनमा नेपाली कांग्रेस जिल्ला कार्यसमितिले आयोजना गरेको स्वागत कार्यक्रममा उहाँले यस्ता आक्रमणलाई परास्त गर्न सबै एक ढिक्का भएर लाग्नुपर्नेमा जोड दिनुभयो। डा कोइरालाले भन्नुभयो, "सबै तवरबाट भएको आक्रमणलाई परास्त गर्न आवश्यक छ, त्यसैले अब कांग्रेस एकढिक्का हुनुपर्छ।" उपनिर्वाचनमा विजयी हुन नसके पनि निराश हुनुपर्ने अवस्था नरहेको चर्चा गर्दै उहाँले तनहुँ कांग्रेसको गढ हो चिन्ता लिनुपर्ने अवस्था छैन तर नेतृत्वले एक ढिक्का बनाउन प्रयत्नरत हुनुपर्नेमा जोड दिनुभयो । डा कोइरालाले भन्नुभयो, "देशको आर्थिक, धार्मिक, सांस्कृतिक र अब कूटनीतिक क्षेत्रमा समेत कतै ठीक देखिँदैन, यसको समाधानका लागि जबसम्म कांग्रेसको नेतृत्व हुँदैन तवसम्म कठिन हुन्छ ।" आगामी निर्वाचनमा कांग्रेस एक्लै चुनावी मैदान उत्रने गरी नेतृत्वले भूमिका निर्वाह गर्नुपर्नेमा उहाँले बताउनुभयो । तनहुँमा कांग्रेस बलियो भए यससँग जोडिएका छिमेकी जिल्लालाई समेत प्रभाव पर्ने भएकाले यहाँको नेतृत्व निराश नभई सशक्त बन्नुपर्नेमा डा कोइरालाले सुझाव दिनुभयो । नेपाली कांग्रेसका केन्द्रीय सदस्य शङ्कर भण्डारीले लोकतान्त्रिक सरकार निर्माणमा कांग्रेसको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "कांग्रेसलाई सशक्त बनाउनु नै अहिलेको आवश्यकता हो।"

जिल्ला बनाउनुका साथै देश बनाउने जिम्मेवारी अहिले तनहुँको नेतृत्वको काँधमा आएको उल्लेख गर्दै सदस्य भण्डारी कांग्रेस संवेदनशील भएर अगाडि बढ्नुको विकल्प नरहेको बनाउनुभयो।

# र्‍यान्डमले मनायो पुस्तक आदानप्रदानसहित पुस्तकालय दिवस

पोखरापत्र संवाददाता
पोखरा, १५ भदौं

र्‍यान्डम रिडर्स सोसाइटीले पुस्तक आदानप्रदान गरेर १६ औँ राष्ट्रिय पुस्तकालय दिवस मनाएको छ । शुक्रवार पोखरामा आयोजित कार्यक्रममा ५० जनाले एकआपसमा पुस्तक साटासाट गरेका थिए।

सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीको अध्यक्षतामा भएको कार्यक्रमको पुस्तकालय दिवसको महत्वमाथि सोसाइटीका सदस्य खिम लामिछाने 'काजी'ले चर्चा गरेका थिए। पुस्तक आदानप्रदानको सुरुवात संस्थापक गनेस पौडेलले गरेका थिए । यसै बिच नवगठित कार्यसमितिका पदाधिकारीहरूलाई निवर्तमान अध्यक्ष केशवशरण लामिछाने र संस्थापक गनेस पौडेलल पदस्थापन गराएका थिए। समितिका अध्यक्षमा रुपिन्द्र प्रभावी, उपाध्यक्ष गौरी तमु र अनुपमणि अधिकारी, सचिव नेपालप्रकाश अधिकारी, कोषाध्यक्ष ध्रव केसी र सहसचिव दीपक पराजुली रहेका छन । सदस्यहरूमा बाबुराम सुवेदी, विष्णु सुवेदी, रामजीप्रसाद आचार्य, अमृत सुवेदी, दुर्गा राना, एलिसा विक, रत्नाकुमारी विश्वकर्मा र खिम लामिछाने ' काजी' रहेका छन् । समितिको सल्लाहकारमा गनेस पौडेल, उपेन्द्र पौडेल र केशवशरण लामिछाने छन् भने पुस्तक छनोट समितिमा केशवशरण लामिछानेको संयोजकत्वमा विजय भण्डारी र हसिना बस्नेत रहेका छन।



सोसाइटीले पुस्तक दिवस र पुस्तकालय दिवसमा पुस्तक आदानप्रदानलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ। आफ्नो पहिलो मासिक नियमित कार्यक्रम आगामी भदौ ३० गते शनिवार पोखरा उद्योग वाणिज्य सङ्घको अमृत कक्षमा डा. नवराज केसीको कृति 'शून्यको मूल्य' माथि परिचर्चा गर्ने सोसाइटीले जनाएको छ।

## प्रधानमन्त्रीको ...

भने कर्णालीले पनि यो नाकाबाट लाभ लिनेछ।' मुस्ताङ-डोल्पा सडक निर्माण अन्तिम चरणमा रहेकाले कर्णालीले लाभ पाउने ज्ञापनपत्रमा तर्क गरिएको हो।


यस्तै गोरखाको रुइला नाका खोल्दै रुवी भ्यालीको प्रवर्द्धन गर्न र सो क्षेत्रका नागरिकको लागि अत्यावश्यक पर्ने खाद्यान्नको ढुवानी प्रबन्ध मिलाउन ज्ञापनपत्रमार्फत् आग्रह गरिएको छ ।सडक विस्तार र नाका खुला हुँदा नेपाल-चीन हिमालपार विद्युत ट्रान्समिसन लाइन निर्माण गर्न सहज हुने पनि ज्ञापनपत्रमा उल्लेख छ।

.पोखरालाई केन्द्र बनाएर ७८ किलोमिटर चक्रपथ निर्माणलाई ज्ञापनपत्रको अन्तिम बुँदामा समेटिएको छ। प्रधानमन्त्रीले सुशासन र आर्थिक विषयलाई उच्च प्राथमिकतामा राख्दै भ्रष्टाचार तथा अनियमितताको विरुद्ध कारवाही प्रक्रिया अगाडि बढाएकोमा धन्यवाद ज्ञापन गर्दै कालोधन नियन्त्रणको पहल थाल्नुपर्ने पनि पोखरेली व्यावसायिक र नागरिक संघ/संस्थाको माग छ।

## गाईजात्रा ...

चलन छ। पोखरामा नेवार समुदायको बसोबास रहेको भिमसेनटोल, भैरवटोल, रामकृष्णटोल, बाघबजार, मोहरियाटोल, वगालेटोल, रानौपौवा, महेन्द्रपुल,पालिखेचोक,गणेशटोललगायत ठाउँमा गाईजात्रा मनाइने र तायाःमचा नृत्य प्रतियोगितासमेत गरिँदै आइएको छ । त्यसबाहेक गाईजात्राका क्रममा १८ शताब्दीदेखिका विभिन्न नाच देखाउने गरिएका र तीमध्ये कतिपय लोप हुने अवस्थामा पुगेकोले त्यसको संरक्षणका लागि विशेष ध्यान दिइनुपर्ने संस्कृतिकर्मी अष्टमान प्रधानाङ्गले बताउनुभयो। पृथ्वीनारायण शाहले राज्यगर्नुभन्दा पहिले पोखरामा नेवार समुदाय भक्तपुरबाट आएर बसोबास गरेको र हाल पोखरामा नेवार समुदायको सङ्ख्या २५ हजारको हाराहारीमा रहेको छ।


शुभारम्भ ! शुभारम्भ !! शुभारम्भ !!!
सक्सेस आयुर्वेद फार्मेसी तथा मिसन आयुर्वेद स्वास्थ्य क्लिनिक
यहि २०८० भदौं १६,१७ र १८ गते हुने
शुभारम्भ कार्यक्रममा यहाँहरु सम्पूर्णलाई हार्दिक निमन्त्रणा
काठमाडौंका वरिष्ठ डाक्टर सहितको टिमद्धारा स्वास्थ्य परीक्षण गरिन्छ।
शुभारम्भको अवसरमा
१, निःशुल्क चेकअप, ओपिडी टिकट फ्रि।
२, क्षारसुत्र अपरेशनमा ३०% सम्म छुट।
३, ल्याब परीक्षणमा २०% छुट।
४, औषधीमा १०% छुट।
सम्पर्क: ९८५६०३८२०६, ४८२५१५३४६३
पोखरा-१०, बुद्धचोक

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# सामाजिक सचेतना र जागरणको सेतु बन्दै पुस्तकालय

वासुदेव पौडेल
रासस, १५ भदौं

पछिल्ला समयमा पठन संस्कृति हराउँदै गइरहेका अवस्थामा पोखरा महानगरपालिका-२९ भण्डारढिकमा रहेको दीपशिखा सामुदायिक पुस्तकालयमा भने दिनानुदिन पाठक सङ्ख्या थपिने क्रम बढ्दै गएको छ । विद्यालय तथा क्याम्पसमा पढ्ने बालबालिकाका साथै समाजका निवृत्त एवं ज्येष्ठ नागरिकको पुग्ने र पढ्ने गन्तव्यका रूपमा स्थापित बनेको छ यो पुस्तकालय ।

समुदायको सक्रियतामा २०५८ सालमा बाचनालयका रूपमा स्थापित भई पछि यसलाई पुस्तकालयका रूपमा विकास गरिएको थियो । पाठकहरूलाई लक्षित गरी पुस्तकालयलाई समयसापेक्ष थप व्यवस्थित बनाइएको पुस्तकालयका अध्यक्ष कृष्णहरि भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार पुस्तकालयमा विभिन्न कक्षहरू तयार गरिएको छ । ती कक्षहरूमा दिनानुदिन विद्यार्थी तथा पाठकहरू आउने गरेका छन् । पुस्तकालयमा प्रवेश गर्नासाथ भित्तामा झुन्ड्याइएका पोखरा र आसपासका तालतलैयाका तस्वीर, यस आसपासका क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजातिका तस्वीर तथा वेषभूषा आदिले जो कोहीलाई यस क्षेत्रको मौलिकता बुझ्न सहयोग पुर्‍याउने गरेको छ । पुस्तकालयमा रहेको बालकक्षमा बालबालिकालाई बाल मनोवैज्ञानिक प्रविधिबाट सिक्न सक्ने तवरबाट खेलौनालगायतका सामान राखिएका छन् । यसका अतिरिक्त पुस्तकालयले कथा, चित्रकला, खेलकुद र हाजिरी जवाफ प्रतियोगितासमेत समय-समयमा गर्दै आएको भण्डारीले जानकारी दिनुभयो । पुस्तकालयमा आएर बालबालिकाले आफ्ना रुचिअनुसारका पुस्तक पढ्नुका साथै खेल्ने र विभिन्न मौलिक सिर्जनासमेत गर्ने गरेको उहाँले बताउनुभयो । पुस्तकालयको महिला कक्षमा महिलासम्बन्धी बैठक, तालिम, गोष्ठी गरिनुका साथै त्यहाँ महिला अधिकार, महिला स्वास्थ्य, शिशु स्वास्थ्यजस्ता पत्रपत्रिका, पाठ्यसामग्री आदि राखिएको छ । उक्त कक्षबाटै हरेक महिना महिला तथा शिशु स्वास्थ्य सेवा प्रदान गर्दै आइएको छ । पुस्तकालयकै सक्रियतामा दीपशिखा महिला कृषि सहकारीसमेत सञ्चालनमा आएको र सहकारीमा हाल चार सय ५० जना महिला आबद्ध रहनुभएको पुस्तकालयका कोषाध्यक्ष माधव भण्डारीले जानकारी दिनुभयो । सहकारीले कृषिसम्बन्धी तालिम साथै आलुको बीउ उत्पादन गर्दै बिक्री-वितरणसमेत गर्दै आएको छ । यस वर्षमात्रै सहकारीले आफ्ना सदस्यलाई वितरण गरी ५० किलोग्राम तौलका एक सय १४ बोरा आलुको बीउ बिक्री गरेको थियो ।

पुस्तकालयले रिड नेपालसँगको सहकार्यमा ५५ जना किरोशीलाई प्रविधि, नेतृत्व विकास, सशक्तीकरण एवं जीवनोपयोगी तालिमसमेत सञ्चालन गर्दै आएको छ । उक्त तालिमले उनीहरूमा सशक्तीकरण एवं विभिन्न क्षमता अभिवृद्धि गराएको पुस्तकालयका कार्यालय प्रमुख धनु पहारीले बताउनुभयो ।

पुस्तकालयमा रहेको श्रव्यदृश्य कक्षमा कृषि, वातावरणजस्ता उपयोगी श्रव्यदृश्य सामग्री देखाइने र निरक्षर व्यक्तिसमेत यसबाट लाभान्वित बन्ने गरेका छन् । पुस्तकालयमा श्रव्यदृश्यसमेत देखाउन मिल्ने सुविधा सम्पन्न ८० जना व्यक्ति बस्न सक्ने किसिमको तालिम कक्षको व्यवस्था गरिएको छ । तालिम कक्षमा विभिन्न सङ्घसंस्थाले बैठक तथा सेमिनार गर्ने गरेका छन् । बैठक तथा सेमिनार कक्ष प्रयोग गरेवापत सेवा शुल्क रु दुई हजार ५०० लिने गरिएको र उक्त रकमले पुस्तकालयको सञ्चालनमा राहत पुग्ने गरेको छ । खेलकुद तथा सङ्गीत कक्षमा युवाहरूलाई लक्षित गरी विभिन्न खेलकुद र वाद्यवादनका सामग्री राखिएका छन् । पुस्तकालय क्षेत्रका बाल क्लब तथा युवा क्लबहरू यस कक्षबाट लाभान्वित भएका छन् । पुस्तकालयको कम्प्युटर कक्षबाट इमेल, इन्टरनेट, कम्प्युटर शिक्षा उपलब्ध गराइएको छ । यस कक्षमा महिला, शिक्षक, बालबालिका र युवाहरूलाई कम्प्युटर शिक्षा तथा निःशुल्क इन्टरनेट उपलब्ध गराइएको उहाँले बताउनुभयो । पुस्तकालयमा आएर आधारभूत कम्प्युटर तालिमसमेत निःशुल्क उपलब्ध गराइने गरिएको र त्यसबाट धेरै व्यक्तिहरू स्वरोजगार बन्न सफल बनेका छन् । पुस्तकालयमा विभिन्न क्षेत्र र विषयका आठ हजार पाँच सयभन्दा बढी पुस्तक रहेका छन् । पुस्तकालयमा एकैपटक ४० जनाले शान्त वातावरणमा अध्ययन गर्न सक्ने व्यवस्था मिलाइएको बताउँदै कार्यालय प्रमुख पहारीले विभिन्न विधाका पुस्तकका अतिरिक्त विद्यालय, क्याम्पस र विश्वविद्यालयका पाठ्यपुस्तक र राष्ट्रिय तथा स्थानीय दैनिक, साप्ताहिक, पाक्षिक, मासिक पत्रपत्रिका उपलब्ध रहेको जानकारी दिनुभयो । पुस्तकालयमा समाजमा प्राचीनकालदेखि दैनिक जीवनमा प्रयोगमा आउने गरेका सामग्रीबारे नयाँ पुस्तालाई जानकारी गराउने उद्देश्यका साथ सङ्कलन गरी राखिएको छ । "पुस्तकालयमा पाठक सदस्यता निःशुल्क व्यवस्था गरिएको छ, परिचयपत्रवापत रु एक सयमात्र लिने गरेका छौँ", उहाँले भन्नुभयो, "विद्यार्थी तथा पाठकका लागि पुस्तक घरमा लान सकिने व्यवस्था मिलाइएको छ ।" पुस्तकालयले अघिल्लो वर्ष देशकै नमूना सामुदायिक पुस्तकालयको कदरपत्र नेपाल सरकार शिक्षा, विज्ञान प्रविधि मन्त्रालयबाट पाएको थियो । नगर विकास कोष, तत्कालीन लेखनाथ नगरपालिका र स्थानीय जनसहयोगबाट पुस्तकालयको सुविधासम्पन्न भवन निर्माण भएसँगै यसको दीर्घकालीन सञ्चालनमा सहयोग पुगेको हो । विभिन्न दाताबाट प्राप्त सहयोगसँगै भवनमा रहेका सटरलाई भाडामा लगाएर पुस्तकालयको सञ्चालनमा आर्थिक स्रोत जुटाउने गरिएको अध्यक्ष भण्डारीले जानकारी दिनुभयो । "सानो-सानो सहयोगबाट बचत गर्दै पुस्तकालयको दीर्घकालीन व्यवस्थापनका लागि रु १८ लाखको अक्षकोष स्थापना गरेका छौँ", उहाँले भन्नुभयो, "पुस्तकालयको व्यवस्थापनलाई चुस्तदुरुस्त राख्नका लागि करार सेवामा एक र स्थायी सेवामा दुई जना कर्मचारीको व्यवस्था गरिएको छ ।"

पुस्तकालयमा हालसम्म एक सय ५२ जना आजीवन सदस्य रहनुभएको छ भने २५ वटा संस्था संस्थागतरूपमा आजीवन सदस्य रहेका छन् । हाल साधारण सदस्यको सङ्ख्या दुई सय रहेको छ भने दैनिक पुस्तकालयमा आउने पाठकको सङ्ख्या ४० देखि ५० जना रहेको छ । पुस्तकालयले वार्षिकपमा पाठकको रुचिअनुसारका नयाँ-नयाँ पाठ्पुस्तक नियमित किन्दै आएको छ । नवीनतम् प्रविधिको प्रयोग गरिएको पुस्तकालयले प्रत्येक वर्ष पठन संस्कृतिको विकास गर्ने उद्देश्यका साथ हाजिरी जवाफ, हिज्जे, निबन्ध, वक्तृत्वकला, वादविवाद प्रतियोगिताका साथै निरन्तर शिक्षा कक्षा सञ्चालन गर्दै आएको छ । पुस्तकायलकै सक्रियतामा युवाका लागि जीवनोपयोगी सीपमूलक तालिम, मोबाइल मर्मत, हाउसवायरिङ, ब्यूटीपार्लर, सिलाइकटाइ, गुडिया बनाउने मौरीपालनजस्ता थुपै तालिम प्रदान गरिसकिएको छ ।

**समाजमा पढ्ने भावनाको विकाससँगै आयोगको तयारी गर्ने पनि लाभान्वित**

पुस्तकालय सञ्चालनले आसपासका युवाहरू आफ्नो फुर्सदको समयलाई पढ्ने काममा उपयोग गर्ने गरेका छन् । विश्वविद्यालय तथा क्याम्पसको थप अध्ययन एवं छात्रवृत्तिका लागि तयारी एवं लोक सेवा आयोगको तयारी गर्ने विद्यार्थीले पुस्तकालयको उपयोग गर्ने गरेको भण्डारीले जानकारी दिनुभयो । "समाजमा जथाभावी हिँड्ने, होहल्ला गर्ने प्रवृत्तिलाई पनि पुस्तकालयले न्यूनीकरण गर्न मद्दत पुर्‍याएको छ", उहाँले भन्नुभयो, "सामाजिक सचेतनासँगै पठन संस्कृतमा जागरण ल्याउन पुस्तकालय बरदान सावित बनेको छ ।" सामुदायिकस्तरबाट सञ्चालनमा आएको दीपशिखा पुस्तकालयले समाजमा सचेतनासँगै जागरणका लागि पुर्‍याएको योगदान देशका अन्य स्थान र समुदायका लागि पनि प्रेरणादायी रहेको पत्रकार विष्णुहरि पौडेलले बताउनुहुन्छ । "दीपशिखा पुस्तकालय समाजमा सचेतना अभिवृद्धि र जागरणका लागि सेतु बनेको छ", पौडेलले भन्नुभयो, "सामुदायिक प्रयासबाट स्थापित बनेको यसको दीर्घकालीन सञ्चालन र प्रभावकारी व्यवस्थापनका लागि राज्यको सहयोग अपहिरार्य छ ।"

**संस्थागत रुपमा नै पुस्तकालय दिवस**

पछिल्ला समयमा पठन संस्कृति कम हुँदै गएको चासो र चिन्ता बढिरहेका अवस्थामा सरकारले संस्थागतरूपमा नै पुस्तकालय दिवस मनाउन थालेको १५ वर्ष पुगिसकेको छ । प्रत्येक वर्षको भदौ १६ गते मनाइने पुस्तकालय दिवस यस वर्ष पनि भव्यताका साथ मनाउने तयारी गरिएको छ । सरकारले देशैभरका स्थानीय तहलाई पठन संस्कृतिको विकासमा सहयोग गर्न विभिन्न कार्यक्रमका साथ पुस्तकालय दिवस मनाउन निर्देशन दिएको छ ।

नेपालमा १८६९ भदौ १५ गते तत्कालीन राजा गीवार्णयुद्ध विक्रम शाहले हनुमानढोकामा 'पुस्तक चिताइ तहबिल' स्थापना गर्नुभएको थियो । उक्त समयमा पुस्तकालयको रेखदेखका लागि पं केदारनाथ झालाई जिम्मेवारी दिइएको थियो । पुस्तक चिताइ तहबिलका रूपमा पुस्तकालयसम्बन्धी पहिलो कानुन बनेको उक्त त्यही दिनको स्मरण गर्दै नेपालमा २०६५ सालदेखि औपचारिकरूपमा पुस्तकालय दिवस मनाउँदै आइएको हो । पछिल्लो तथ्याङ्कले नेपालमा सामुदायिक पुस्तकालयको सङ्ख्या एक हजारभन्दा बढी रहेको छ । सामुदायिक जागरणका लागि पुस्तकालय अपरिहार्य भएको ठहर गर्दै तत्कालीन समयमा महाकवि लक्ष्मीप्रसाद देवकोटालगायत केही बौद्धिक व्यक्तित्वहरूले प्रधानमन्त्री भीमशम्शेरका पालामा पुस्तकालय स्थापना गर्दा १९८७ सालमा 'लाइब्रेरी पर्व' भएको थियो । त्यस समयमा पुस्तकालय स्थापना गरेवापत तत्कालीन सरकारबाट उहाँहरूलाई जनही रु एक-एक सय जरिवाना तिराइएको थियो । सोह्रौँ पुस्तकालय दिवसका अवसरमा दीपशिखा पुस्तकालयमा नाटक प्रदर्शनी, गायन तथा नृत्य, कविता वाचन, पुस्तकालयसम्बन्धी चित्र प्रदर्शनी आदि कार्यक्रम आयोजना गरिएको अध्यक्ष भण्डारीले जानकारी दिनुभयो ।

# बङ्गुरपालन किसानलाई अनुदान दिइँदै

पोखरापत्र संवाददाता
बागलुङ, १५ भदौं

अमेरिकन 'स्वाइन फिवर'का कारण बागलुङमा गत जेठमा ४०० बङ्गुर मरे । अहिले बागलुङ बजार आसपासको क्षेत्रका बङ्गुरका खोरे रित्ताछन् ।

बङ्गुरपालन व्यवसायबाट किसान विस्थापित हुन थालेपछि भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र बागलुङले उनीहरूलाई व्यवसायमा पुनःस्थापन गर्ने भएको छ । बागलुङ नगरपालिका वडा नम्बर १, २, ३ र ४ क्षेत्रका ५४ किसानले पालेको चार सय बङ्गुर मरेपछि रु दुई करोडभन्दा बढीको क्षति भएको थियो । उनीहरूलाई पुनः बङ्गुरपालन व्यवसायमा फर्काउनका लागि भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र बागलुङले चालु आर्थिक वर्षमा रु १६ लाख बजेट विनियोजन गरेको छ ।

विनियोजित बजेटले खाली रहेको बङ्गुरका खोरमा पुनः बङ्गुर पाल्नका लागि बङ्गुरका पाठा प्रदान गर्ने र बङ्गुरपालन व्यवसायमै किसानलाई फर्काउने भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र बागलुङका वरिष्ठ पशु चिकित्सक डा ऋषिराम शर्माले जानकारी दिनुभयो । विज्ञ केन्द्रको तथ्याङ्क अनुसार भने प्रयोगशाला परीक्षणमा अमेरिकन स्वाइन फिवर फेला परेको पाँच किसानको एक सय २२ बङ्गुर मरेको देखिन्छ । केन्द्रले उक्त रोगबाट चार सय बङ्गुर मरे पनि एक सय २२ बङ्गुरको मात्रै प्रयोगशाला परीक्षण गरिएको जनाएको छ । "जेठमा महामारीको रुपमा अमेरिकन स्वाइन फिवर फैलियो, बागलुङ बजार क्षेत्रमा धेरै बङ्गुरपालन किसान छन्, उनीहरूको खोर रित्तै हुने गरी बङ्गुर मरे, बङ्गुरपालन किसानले करोडौँको क्षति बेहोर्नुपर्‍यो, सबै क्षतिको राहत दिन त सकिँदैन, कम्तीमा पुनः बङ्गुरपालनमा फर्काउनका लागि बङ्गुरका पाठा दिने कार्यक्रम छ", पशु चिकित्सक सापकोटाले भन्नुभयो, "बङ्गुरपालन किसान पलायन हुनसक्ने भन्दै उहाँहरूलाई पुनःस्थापनका लागि बङ्गुरमै बजेट व्यवस्थापन गरेका हौँ, अहिले पशुको अधिकांश बजेट भौतिक संरचनाभन्दा पशुमै बढी केन्द्रित छौँ, अहिले बङ्गुरका पूर्वाधार खाली छ, त्यही पूर्वाधारमा बङ्गुरका पाठा हुर्काउन सके किसान पुनः व्यवसायमा पुनस्थापित हुने थिए भन्ने हो ।" बङ्गुरपालक किसान गणेशबहादुर पुनले अमेरिकन स्वाइन फिवरका कारण यहाँका किसानले ठूलो क्षति बेहोरेको बताउनुभयो । उहाँले उक्त सङ्क्रमण बागलुङ नगरपालिका र जैमिनी नगरपालिकामा मात्रै देखिएको बताउँदै पुनः बङ्गुरपालनमै फर्काउनका लागि केन्द्रले ल्याएको नीतिप्रति आभारी रहेको जानकारी दिनुभयो । "किसानको क्षतिमा स्थानीय सरकार र विज्ञ केन्द्रलाई पटक-पटक ध्यानाकर्षण गरेका थियौँ", बङ्गुरपालन किसान पुनले भन्नुभयो, "राहत र अनुदानका लागि आश्वासनसमेत आएको छ, विज्ञ केन्द्रले १६ लाख बजेट व्यवस्थापन गरेको भन्ने जानकारी पाइयो ।"

बङ्गुरपालिएको क्षेत्रलाई सङ्क्रमण मुक्त बनाएर बङ्गुरका पाठा वितरण गर्ने विज्ञ केन्द्रको तयारी छ । बर्ड फ्लुजस्तै प्रकृतिको यो घरपालुवा सुँगुर, बङ्गुर तथा जङ्गली बँदेल प्रजातिमा देखा पर्ने भाइरस 'अफ्रिकन स्वाइन फिवर'का यहाँका बङ्गुरपालन किसान निरास भएका थिए । बागलुङमा दुई सयभन्दा बढी किसानले १२ हजारको सङ्ख्यामा बङ्गुर पाल्दै आएको विज्ञ केन्द्रको तथ्याङ्कमा उल्लेख छ ।

चालु आवमा भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र बागलुङले दूध, मासु र अण्डाको उत्पादन बढाउनका लागि रु चार करोड बजेट विनियोजन गरेको छ । चालु आवमा लम्पी स्किन रोगका कारण दूधको उत्पादनमा गिरावट र अमेरिकन 'स्वाइन फिवर'का कारण बङ्गुरको मासुको उत्पादनमा कमी आएको बताउनुभयो । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र बागलुङले चालु आवमा बाँझो जग्गामा घाँस खेती गर्न रु १८ लाख, दूधको उत्पादनमा प्रोत्साहन गर्न रु २४ लाख, कृतिम गर्भाधान गर्न रु २५ लाख, खसीबोकाको मासुको उत्पादनका आधारमा अनुदान दिन रु २० लाख बजेट विनियोजन गरेको छ ।

# पशु बीमामा कृषकको आकर्षण

पोखरापत्र संवाददाता
दमौली, १५ भदौं

तनहुँमा विभिन्न बीमा कम्पनीमार्फत पशुधन सुरक्षण (बीमा) को सुविधा प्रदान गरेसँगै कृषकको यसतर्फ आकर्षण बढेको छ । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमार्फत जिल्लामा रू १३ करोड १८ लाख ८५ हजार मूल्य बराबरका पशुको बीमा गरिएको छ ।

जिल्लाका २८ हजार चार सय ९४ पशुको बीमा गरिएको केन्द्र प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार यस कार्यक्रमबाट दुई सय ७१ कृषक लाभान्वित भएका छन् । जिल्लामा सबैभन्दा बढी कुखुराको बीमा गरिएको छ । गत आर्थिक वर्षमा २५ हजार छ सय ५० कुखुराको बीमा गरिएको कार्यालयले जनाएको छ । त्यस्तै सबैभन्दा कम तीन सय १८ बङ्गुरको बीमा गरिएको थियो ।

बीमाका लागि रू ६५ लाख ९४ हजार सरकारले प्रिमियम शुल्क बापत सहयोग गरेको छ भने रू १३ लाख १८ हजार कृषकले खर्च गरेका कार्यालय प्रमुख श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार पाँच सय ६४ गाई, चार सय ७८ भैंसी, एक हजार चार सय ८४ बाख्रा, २५ हजार छ सय ५० कुखुरा, तीन सय १८ बङ्गुरको बीमा गरिएको छ । जिल्लामा सगरमाथा, प्रुडेन्सियल र एनएलजी इन्स्योरेन्स कम्पनीले पशुको पशुधन सुरक्षण (बीमा) को सुविधा प्रदान गरिरहेका छन् । पशुधनको बीमा गरेपछि हुने फाइदाका विषयमा पशुपालक कृषकलाई जानकारी गराउँदै यसतर्फ आकर्षित गरिएको केन्द्रका प्रमुख डा श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार बीमा रकम भुक्तानीका लागि किसानले आफ्ना पशुवस्तुको बीमा गरेको कागजात पेश गर्नुपर्ने छ । "किसानले बीमा कम्पनीमार्फत पशुवस्तुको बीमा गर्छन्, बीमा गरिसकेपछि बीमाबापत भुक्तानी गरेको नगदी रसिद, बैंक खातासहित कार्यालयमा निवेदन दिनुपर्छ", प्रमुख डा श्रेष्ठले भन्नुभयो, "कृषि फार्म भए फार्मको दर्ता प्रमाणपत्र र व्यक्ति भए नागरिकता उपलब्ध गराएपछि प्रक्रिया पुर्‍याएर रकम भुक्तानी गरिदिन्छौँ ।" पशुधन सुरक्षण गरेपछि पशुको मृत्यु भएमा पशुपालक कृषकले क्षतिपूर्ति दाबी गर्न सक्ने उहाँले बताउनुभयो । "बीमा रकम भुक्तानीका लागि पशु मरेको १५ दिनभित्र सम्बन्धित स्थानीय सदस्य संस्था मार्फत क्षतिपूर्ति दाबीपत्र भरी दाबी गर्नुपर्ने हुन्छ", डा श्रेष्ठले भन्नुभयो, "क्षतिपूर्ति दाबी गर्दा सम्पूर्ण कागजातहरू संलग्न गरी दाबी गरेमा पोलिसीमा उल्लेखित कर्जा रकमको ८० प्रतिशत रकम सम्बन्धित पशुपालक कृषकलाई दिनुपर्ने प्रावधान छ ।" बन्दीपुर गाउँपालिका-५ याम्पाका कृषक काशीनाथ भट्टराईले पशु बीमाले कृषकलाई सहयोग पुगेको बताउनुभयो । उहाँले भन्नुभयो, "पशुको मृत्यु भएको खण्डमा बीमामार्फत राहत पाइन्छ, जसले गर्दा कृषकलाई सहयोग पुगेको छ ।"


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : आर्थिक समस्या |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : मन चञ्चल | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस निर्वाचित

रासस
काठमाडौं, १५ भदौं

नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्का बागमती प्रादेशिक क्रिकेट सङ्घको अध्यक्ष पदमा निर्वाचित हुनुभएको छ ।

सङ्घको शुक्रबार सम्पन्न दोस्रो अधिवेशन तथा साधारणसभाले अध्यक्ष खड्कासहित १३ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । पारस आफना प्रतिद्वन्द्वी उमेश पियालाई नौ मतको अन्तरले पछाडि पार्दै विजयी हुनुभएको हो । पारसले २३ मत प्राप्त गर्दा उमेशले १४ मत प्राप्त गर्नुभएको थियो । पारस काठमाडौँ जिल्ला क्रिकेट सङ्घका कार्यसमिति सदस्य तथा उमेश चितवन जिल्ला क्रिकेट सङ्घका उपाध्यक्ष हुनुहुन्छ । त्यसैगरी २३ मत प्राप्त गर्नुभएका प्रेमबहादुर क्षेत्री उपाध्यक्षमा निर्वाचित हुनुभयो । उहाँका प्रतिस्पर्धी रूपक रञ्जितले १४ प्राप्त गर्नुभएको थियो । यसैगरी सचिवमा प्रशन्न शाक्य निर्वाचित हुनुभयो । उहाँले २३ मत प्राप्त गर्नुभयो । उहाँका प्रतिद्वन्द्वी प्रज्वल सापकोटाले १४ मत प्राप्त गर्नुभएको थियो । कोषाध्यक्षमा सञ्जय बस्नेत विजयी हुनुभयो । त्यस्तै सदस्यहरूमा अजयवीर पाण्डे, अनिल अधिकारी, सञ्जोग श्रेष्ठ, सुजन महर्जन, धीरज श्रेष्ठ, शेखर श्रेष्ठ र वसन्तराज सत्याल निर्वाचित हुनुभयो । महिला सदस्यामा भने निरा राजोपाध्याय निर्विरोध निर्वाचित हुनुभयो । मतदानमा छ जिल्लाका २४ र निवर्तमान कार्यसमितिका १३ सदस्य गरी कूल ३७ मत खसेको थियो । नेपाल क्रिकेट सङ्घ (क्यान) को केन्द्रिय चुनाव आगामी असोज पहिलो साता हुँदैछ । त्यसअघि ४५ जिल्ला र सात प्रदेशको निर्वाचन सम्पन्न भएको छ ।

# रास्वपा अध्यक्षसँग भारतीय राजदूतको भेट

रासस
काठमाडौं, १५ भदौं

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवबीच भेटवार्ता भएको छ ।

रास्वपा पार्टी कार्यालय वनस्थलीमा आज भएको भेटमा उहाँहरूबीच द्विपक्षीय हित र चासोका विविध विषयमा छलफल भएको पार्टीका केन्द्रीय सदस्य प्रतिभा रावलले जानकारी दिनुभयो । सो अवसरमा नेपालको समृद्धिका लागि नेपाल-भारत सम्बन्धलाई थप बलियो बनाउनुका साथै आपसी चासोका मुद्दालाई सम्वादमार्फत् हल गर्दै जानुपर्नेमा पार्टी सभापति लामिछानेले जोड दिनुभएको थियो । उहाँले रास्वपाको मुख्य एजेण्डा सुशासन, सामाजिक न्याय र आर्थिक विकास भएको बताउनुभएको थियो ।

उक्त भेटमा रास्वपाकातर्फबाट महामन्त्री डा मुकुल ढकाल, अन्तर्राष्ट्रिय सम्बन्ध विभाग प्रमुख एवं सांसद शिशिर खनाल र अर्का सांसद मनिष झाको सहभागिता रहेको थियो ।

# बाघजात्रा जोगाउन कस्सिए नेवार समुदाय

**रासस**
पोखरा, १५ भदौं

परापूर्वकालमा मानिसलाई जङ्गली जनावरले साह्रै दुःख दिन थाल्छ । जनावरमा पनि हिंस्रक मानिने बाघले औधी आक्रमण गर्छ ।

बस्तीमा बसिनसक्नु भएपछि न्यायको माग गर्दै जनता राजासमक्ष पुग्छ । राजाले सैनिक पठाएर रेकी गरी आफैंले बाघ मारेर जनतालाई खुसी दिन्छन् । यही कथामा आधारित रहेर पोखराका नेवार समुदायले लामो समयदेखि बाघजात्रा मनाउँदै आएका छन् ।

सोही कथालाई बाघजात्रामा हुबहु उतार्ने कोसिस हुन्छ । जहाँ बाघ, राजारानी, छोटा राजारानी, राजाका सुरक्षा गार्ड, प्रधानमन्त्री, मन्त्री, यमराज, घोडासहित सेना, प्रहरी, कुमारी, लाखे, ज्यासीन्यासी (बच्चाहरू) र जनतालगायत अन्य पात्र समावेश हुन्छन् । उनीहरु जात्रा देखाउँदै बजार परिक्रमा गर्छन् । जात्रा हेर्न गाउँ-गाउँबाट मानिस पोखरा झर्थे । जसले गर्दा दोहोरो व्यापार पनि हुन्थ्यो । जात्रा हेर्न गाउँबाट आउनेले राडीपाखी, डोको, नाम्लो, भकारीजस्ता सामान लिएर आउथे र त्यही बेची लत्ताकपडा, नुन, तेल लिएर घर फर्किन्थे । तर पोखरामा बाघजात्रा नभएको धेरै भयो । तेइस वर्षअघि २०५७ सालमा मोहरियाटोलमा यो जात्रा देखाइएको थियो । यस वर्षदेखि बाघजात्रा निरन्तरता दिइने भएको छ । यही भदौ १८ देखि २० सम्म जात्रा देखाउन जवाहरलाल श्रेष्ठको संयोजकत्वमा बाघजात्रा आयोजक समिति गठन भइसकेको छ ।

समितिका सचिव सुनिल उलकले भन्नुभयो, “यसको इतिहास दुई-तीन सय वर्ष पुरानो छ । तर हामीले बूढापाकालाई सोध्दा २००६ सालदेखिको रेकर्ड भेट्न सकिन्छ । त्यसपछि २०१४ साल, २०२२-२३, २०३७-३८ र २०४६-४७ सालमा देखाइएको भेटिन्छ ।” अब यसलाई प्रत्येक छ वर्षमा आयोजना गरिने उहाँले बताउनुभयो । यसको सुरुआत पोखराबाट भएको अनुमान गर्न सकिने सचिव उलकले बताउनुभयो । “ठ्याक्कै तथ्याङ्क त छैन तर विभिन्न तथ्य आधारमा यहीबाट सुरुआत भएको हो कि भन्न सकिन्छ”, उहाँले भन्नुभयो, “यस्तै प्रकृतिको एकदिने जात्रा बन्दीपुर, स्याङ्जा, नारागणगढ, पाल्पालगायत पश्चिम नेपालमा हुने गर्छ । यी सबै एउटै खालका छन् ।” विशेषगरी नेवार समुदायमा भैरवजात्रा, गाईजात्रा, गणेशजात्रा, माघेजात्रा प्रचलित रहे पनि बाघजात्रा ओझेलमा परेकाले संरक्षणका लागि फेरि प्रदर्शन सुरु गरिएको समिति अध्यक्ष जवाहरलाल श्रेष्ठले बताउनुभयो । ‘जात्राहरूको पनि जात्रा’ बाघजात्रा जोगाउन सबै लाग्नुपर्नेमा उहाँको जोड छ । उहाँका अनुसार भदौ १८ गते नेवाः छें हुँदै मोहरियाटोल, बागबजार, बालमन्दिर स्कुल, वडा ३ कार्यालय, बालधाराचोक, नालामुखचोक हुँदै नेवाः छेमा समापन हुनेछ ।

भदौ १९ गते नेवाः छें हुँदै गणेशटोल, सिमलचौर, सिर्चजनाचोक, लखनचोक, महेन्द्रपुल हुँदै नेवाः छेंमा पुग्नेछ भने समापनको दिन नेवाः छें हुँदै भीमसेन मन्दिर, तेर्सापट्टि, महेन्द्रपुल, रानीपौवा, माटेपानी, गौँडामुख, कुँडहरचोक, अमर सिंहचोक हुँदै रङ्गशाला पुगेर समापन गरिने अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो ।

पहिलो र दोस्रो दिन करिब तीन सयको हाराहारीमा सहभागी हुने भए पनि अन्तिम दिन अझ बढी सहभागी हुने सचिव सुनिल उलकको अनुमान छ । अन्तिम दिन बाघजात्राको कथामा आधारित प्रहसन हुने उहाँले बताउनुभयो ।

प्रहसनमा डमी बाघलाई मारेर हिंसाको अन्त्य भएको सन्देश प्रवाह गरिनेछ । “किंवदन्तीअनुसार हिंस्रक बाघलाई मारेर सुख दिने कथा छ । अहिले कानुनले बाघ संरक्षण गर्ने भनेको छ तर नरभक्षी बाघ मार्न पाउने भनेको छ”, उहाँले भन्नुभयो, “प्रकृतिलाई फाइदा गर्ने बाघ नभई नरभक्षी बाघ मारेर देशमा हुने गरेको हिंसात्मक गतिविधि नियन्त्रण गनुपर्छ भन्ने हाम्रो सन्देश रहन्छ ।”

आयोजक समितिका सदस्य शान्ति श्रेष्ठ उदासले जात्रामा बाइसे-चौबीसे राजाको प्रतिमा झल्कने गरी झाँकीसमेत देखाइने बताउनुभयो । बाघजात्रामा नेवारसँगै मगर, गुरुङ, तामाङलगायत अन्य समुदायको पनि सहभागिता रहने सदस्य श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार भक्तपुर नगरपालिकाको सहयोगमा भक्तपुर घिन्ताघिसी (५० जनाको समूह)ले विभिन्न सांस्कृतिक नृत्य प्रदर्शन गर्ने छन् । लामो समयपछि हुन लागेको बाघजात्रालाई पोखरा महानगरपालिका र नेवाः खलः कास्कीले सहयोग गरेका छन् ।

# गुर्जामा स्याउखेतीको परीक्षण सफल

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ भदौं

म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जामा उच्च घनत्वको स्याउखेतीको परीक्षण सफल भएको छ । गण्डकी प्रदेशको कृषि विकास निर्देशनालयले इटलीबाट ल्याएको उच्च घनत्व जातका स्याउका बिरुवा दुई वर्षअघि गुर्जामा रोपिएका थिए ।

गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले स्याउको बोटमा यस वर्षदेखि फल लागेको जानकारी दिनुभयो । “परीक्षणका लागि जोखिम मोलेर स्याउखेती गरिएको थियो”, उहाँले भन्नुभयो, “सबै बोटमा फल लागेको छ ।” गुर्जाको स्याउखेती भएको ठाउँको उचाइ समुद्री सतहदेखि दुई हजार सात सय मिटर छ ।

गुर्जाको हिमाली कृषि सहकारी संस्थाले बाँझो जमिनको झाडी फाँडेर घेराबार गरी स्याउको बगैँचा बनाएको थियो । नाइलीबाङमा २६ कृषकले करिब २० रोपनी जग्गामा स्याउखेती गरेका हुन् । अन्यत्र यही उचाइमा खेती सफल भएकाले गुर्जामा पनि स्याउखेती गरिएको थियो । गण्डकी प्रदेशको कृषि विकास निर्देशनालयको ५० प्रतिशत अनुदान सहयोगमा आर्थिक वर्ष २०७८/७९ मा सात सय उच्च घनत्वको स्याउको कलमी बिरुवा लगाइएको थियो ।

आव २०७७/७८ मा कृषि ज्ञान केन्द्रको ५० प्रतिशत अनुदान सहयोगमा दुई सय ५६ र वडाको प्रस्तावमा गाउँपालिकाको ७५ प्रतिशत अनुदानमा पाँच सय ९२ बिरुवा रोपिएका थिए । कृषि ज्ञान केन्द्रका प्राविधिक श्यामशरण कुर्मीले गुर्जामा जिल्लामै पहिलोपटक स्याउखेतीको परीक्षण सफल भएको बताउनुभयो । “हावापानी, वातावरण र अनुकुल भूगोल भएकाले गत वर्षदेखि गुर्जामा उच्च घनत्वको स्याउखेती थालिएको थियो”, उहाँले भन्नुभयो, “छिटो फल्ने, धेरै उत्पादन दिने, फल टिप्न र खेती गर्न सजिलो हुने उच्च घनत्वको स्याउखेती विस्तारको सम्भावना बढेको छ ।”

यसअघि गुर्जामा स्थानीय जातको स्याउखेती गरिए पनि अपेक्षाकृत सफलता हासिल भएको थिएन । “पुराना र परम्परागत रैथाने स्याउका बोटले उत्पादन तथा गुणस्तरीय स्याउ फलाउन छाडेपछि त्यसको साटो छिटो फल्ने उच्च घनत्वको स्याउ बिरुवा लगाउन थालिएको हो”, वडाध्यक्ष छन्त्यालले भन्नुभयो, “उच्च घनत्वको स्याउखेती विस्तार गरेर गुर्जामा खेर गइरहेको बाँझो जमिनको सदुपयोग गर्न र कृषकको आम्दानी बढाउन जोड दिन्छौं ।”

# पर्वतमा चितुवा मृत फेला

**पोखरापत्र संवाददाता**
पर्वत, १५ भदौं

पर्वतको मोदी गाउँपालिका-७ राम्जादेउरालीमा चितुवा मृत भेटिएको छ ।

राम्जादेउरालीस्थित गौतम कूल मन्दिर नजिकै धानखेतमा शुक्रबार चितुवा मृत फेला परेको हो । स्थानीयवासीले देखेलगत्तै डिभिजन वन कार्यालयका कर्मचारी र प्रहरीसहित पुगेको टोलीले मृत चितुवालाई डिभिजन वन कार्यालय परिसरमा ल्याएर गाडेका छन् । डिभिजन वन कार्यालयका प्रमुख नवराज बरालका अनुसार झन्डै तीन वर्षजति उमेरको देखिने चितुवा केही दिन अगाडि नै मरेको पाइएको छ । चितुवाको शरीरमा घाउचोट भने देखिएको छैन । वन कार्यालयका कर्मचारी, जनप्रतिनिधि र सुरक्षाकर्मीको रोहवरमा चितुवा खाडलमा गाडिएको छ । पर्वतमा गत आर्थिक वर्ष २०७९/८० मा नौ चितुवा मृत फेला परेका थिए । दुईवटाको जीवितै उद्धार गरिएको थियो ।

# रूपान्तण अभियानमा जुट्यो माओवादी, २२ पदाधिकारीको जिम्मेवारी तोकियो

**रासस**
काठमाडौं, १५ भदौं

आफ्नो नेतृत्वको सरकारले थालेका भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहमा थालिएको सुधारलगायत मुद्दा लिएर सत्ताको नेतृत्व गरेको नेकपा (माओवादी केन्द्र) विशेष अभियानका साथ जनताको बीचमा जाँदैछ । माओवादी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले भोलि देशभरका छ हजार सात सय ४३ वडामा एकैसाथ रूपान्तरण अभियानको शुभारम्भ गर्दै हुनुहुन्छ ।

माओवादीले अध्यक्षसहित २२ केन्द्रीय पदाधिकारीलाई तीनमहिने अभियानको उद्घाटनको जिम्मेवारी तोकेको छ । माओवादीका अनुसार प्रधानमन्त्री एवं पार्टी अध्यक्ष दाहालले काठमाडौँको चन्द्रागिरी-२ घट्टेडाँडा पार्क, वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले ललितपुरको ललितपुर महानगरपालिका १८ हरिसिद्धी, उपाध्यक्षत्रय कृष्णबहादुर महराले रोल्पाको सुनछहारी गाउँपालिका, अग्निप्रसाद सापकोटाले सिन्धुपाल्चोकको लिसङ्खुपाखर गाउँपालिका र पम्फा भुसालले ललितपुर महमानगरपालिका-२२ मा अभियानको नेतृत्व गर्नुहुनेछ ।

महासचिव देवप्रसाद गुरुङले लमजुङको सुन्दरबजार नगरपालिका-८ भोटेवडार, उपमहासचिव गिरिराजमणिपोखरेललेकाठमाडौँको गोकर्णेश्वर नगरपालिका, वर्षमान पुनले काठमाडौँको गोङ्गबू, हरिबोल गजुरेलले सिन्धुलीको कमलामाई, जनार्दन शर्माले काठमाडौँको चन्द्रागिरि नगरपालिका,मात्रिकाप्रसादयादवले सुर्खेतको वीरेन्द्रनगरपालिका, सचिव दीनानाथ शर्माले बागलुङको बागलुङ नगरपालिका, चक्रपाणि खनालले मोरङको विराटनगर महानगरपालिकामा अभियानको नृतत्व गर्दै हुनुहुन्छ । सचिव देवेन्द्र पौडेल कास्कीको पोखरा महानगरपालिका, लीलामणि पोखेल महोत्तरीको बर्दिवास नगरपालिका, गणेश साह काठमाडौँको बानेश्वर, हितमान शक्य रुकुमपूर्वको सिस्ने गाउँपालिका, हितराज पाण्डे गोरखाको पालुङटार नगरपालिका, डिलाराम आचार्य कैलालीको धनगढी उपमहानगरपालिका, सुरेन्द्रकुमार कार्की झापाको बुद्धशान्ति गाउँपालिका र कोषाध्यक्ष श्रीराम ढकाल चन्द्रागिरी नगरपालिकामा अभियानमा सहभागी हुने माओवादीले जनाएको छ ।

अभियानअन्तर्गत कम्तिमा २५ लाख मतदातासँग प्रत्यक्ष भेटघाट गरी सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायको क्षेत्रमा गरेका कामबारे जानकारी गराइनेछ । अभियानका क्रममा नवीकरण र विस्तारका माध्यमबाट पार्टी सदस्यता सङ्ख्या आठ लाख पुर्‍याउने गरी पार्टी र जवस मोर्चाका सबै कमिटीका बैठक सम्पन्न गरी स्वचालित कमिटी तयार पारिने माओवादीले जनाएको छ ।

माओवादीले अभियान अवधिभर केन्द्रीय पदाधिकारीलाई अन्तरप्रदेश, स्थायी समिति सदस्य र केन्द्रीय सदस्यलाई अन्तरजिल्ला तथा प्रदेश सदस्यलाई अन्तरपालिका खटाउने गरी कार्यक्षेत्र विभाजन गरिएको छ । उनीहरूलाई अस्थायी बसोबासस्थलसमेतमा कार्यक्षेत्र तोकी पठाइसकिएको छ ।अभियान तीन चरणमा सञ्चालन हुने प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो । पहिलो चरणमा बैठक, भेला, प्रशिक्षण, सदस्यता नवीकरण/विस्तार, अभिलेख व्यवस्थापन, उत्पादन र प्रचारसँग सम्बन्धित संयन्त्र र योजना निर्माण, विभिन्न तहका पार्टीका कार्यालय व्यवस्थापन, पार्टीभित्रका अन्तरविरोधको पहिचान र समाधानको पहल, कार्यकर्ता व्यवस्थापनका लागि कोष स्थापना गरिने छ । दोस्रो चरणमा पाँचघन्टे अन्तरपार्टी स्कुल, विषयगत अन्तरक्रिया, विषयगत तालिम, गोष्ठी, जनप्रशिक्षण, जनभेला, टोलटोलमा युवाभेला, स्थानीयस्तरका सरकारी तथा सामाजिक सङ्घ संस्थासँग अन्तरक्रिया गरिने प्रवक्ता सापकोटाले जानकारी दिनुभयो । तेस्रो चरणमा जनप्रदर्शन, जनसङ्घर्ष, जनसेवासहित जनपरिचालनका कार्यक्रम सञ्चालन गरिनेछ । यस्तै सुशासन, समृद्धि र सामाजिक न्यायको अभियानमा जनसमर्थन र ऐक्यबद्धता एवं टोल सभाहरू गरिनेछ ।

# सोह्र वर्षपछि नेपाल विश्व भारोत्तोलनमा सहभागी हुँदै

**रासस**
काठमाडौं, १५ भदौं

नेपालले विश्व भारोत्तोलन च्याम्पियनसिपमा १६ वर्षपछि सहभागिता जनाउने भएको छ ।

यही भदौ १७ देखि ३१ गतेसम्म रियादमा हुने आइडब्लुएफ विश्व च्याम्पियनसिपमा तीन पुरुष र दुई महिला गरी पाँच खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्नेछन् । पुरुष ८१ केजीमा विकास भट्ट, ९६ केजीमा विशालसिंह विष्ट र १०९ केजीमा सागर भण्डारीले प्रतिस्पर्धा गर्नेछन् । त्यस्तै महिला ५५ केजीमा टीकामाया गुरुङ तथा ६४ केजीमा शारदा चौधरीले खेल्ने छन् ।

प्रशिक्षकमा जीवन गौतम, निर्णायकमा पार्थ सारथी सेन गुप्त र व्यवस्थापकमा रामसुन्दर श्रेष्ठ रहनुभएको छ । गुप्त आजै रियाद प्रस्थान गरिसक्नुभएको छ । नेपाल भारोत्तोलन सङ्घका अध्यक्ष रामकृष्ण श्रेष्ठ (बोस) पनि प्रतियोगिता दौरान हुने विश्व भारोत्तोलन महासङ्घको कांग्रेसमा सहभागी हुन रियाद जानुहुनेछ । व्यवस्थापक श्रेष्ठ, प्रशिक्षक गौतम, खेलाडी शारदा र टीकामाया सेप्टेम्बर ४ रियाद जाँदै हुनुहुन्छ । सेप्टेम्बर ८ मा विशाल र विकास रियाड उड्नुहुनेछ । अध्यक्ष श्रेष्ठ र खेलाडी सागर सेप्टेम्बर ११ मा रियाद प्रस्थान गर्ने कार्यक्रम रहेको छ । राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टङ्कलाल घिसिङले नेपाली टोलीलाई सफलताको शुभकामना दिँदै बिदाइ गर्नुभयो ।

# आठ महिनामा भित्रिए छ लाख पर्यटक

**रासस**
काठमाडौं, १५ भदौं

सन् २०२३ को आठ महिनामा छ लाखभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् ।

नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार वर्षको जनवरीदेखि अगष्ट महिनासम्म छ लाख एक हजार तीन सय ६० पर्यटक भित्रिएका छन् । पछिल्लो अगष्ट महिनामा मात्रै ६७ हजार एक सय ५३ पर्यटकले नेपाल भ्रमण गरेका छन् । अघिल्लो वर्ष सन् २०२२ को सोही अवधिमा ४१ हजार तीन सय चार पर्यटक नेपाल भित्रिएका थिए । सन् २०१९ मा ७३ हजार आठ सय १४ पर्यटक नेपाल आएका थिए ।

बोर्डका निर्देशक मणिराज लामिछानेले पछिल्ला महिनामा निरन्तर पर्यटक आगमन वृद्धि भइरहेको बताउनुभयो । उहाँले सम्भावित स्रोतबजारबाट निरन्तर आगमन बढिरहेकाले सन् २०२३ मा १० लाख पर्यटक पुर्‍याउने लक्ष्यमा पुग्न सहज हुने विश्वास व्यक्त गर्नुभयो ।

पछिल्लो अगष्ट महिनामा पनि सबैभन्दा बढी भारतबाट २६ हजार छ सय ६५, चीनबाट पाँच हजार २७, अमेरिकाबाट चार हजार छ सय २९, श्रीलङ्काबाट तीन हजार पाँच सय ५८ र बङ्गलादेशबाट तीन हजार एक सय ९० पर्यटक नेपाल भित्रिएका छन् ।

यस्तै, बेलायतबाट दुई हजार सात सय ११, स्पेनबाट एक हजार पाँच सय ८८, जापानबाट एक हजार पाँच सय २०, इटालीबाट एक हजार चार सय ९६ र अष्ट्रेलियाबाट एक हजार तीन सय ४७ पर्यटकले नेपाल भ्रमण गरेका छन् ।

# एमाले उच्चस्तरीय टोली चीन जाँदै

**रासस**
काठमाडौं, १५ भदौं

नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेल नेतृत्वको उच्चस्तरीय प्रतिनिधिमण्डल चीनको सद्भावनापूर्ण भ्रमणका लागि शनिबार त्यसतर्फ जाने भएको छ ।

चिनियाँ कम्युनिष्ट पार्टीको निमन्त्रणामा महासचिव पोखरेल नेतृत्वको टोली १२ दिने भ्रमणका लागि शनिबार त्यसतर्फ प्रस्थान गर्ने सो पार्टीका केन्द्रीय प्रचार विभागका सचिव गगन विष्टले शुक्रबासर विज्ञप्ति जारी गरी जानकारी दिनुभयो ।

भ्रमण टोलीमा पार्टी स्थायी समिति सदस्य तथा परराष्ट्र मामिला विभाग प्रमुख डा राजन भट्टराई, स्थायी समिति सदस्य तथा प्रचार विभाग प्रमुख राजेन्द्र गौतमलगायत केन्द्रीय तहका नेता हुनुहन्छ । भ्रमण टोलीले गणतन्त्र चीनका तीन मुख्य शहर छोङ्छिङ, बेइजिङ र छिङ्हाइको भ्रमण गर्नेछ ।

भ्रमणका क्रममा चिनियाँ कम्युनिष्ट पार्टीका उच्चस्तरका नेतासँग भेटवार्ता हुनेछ । भेटमा नेपाल र चीनको द्विपक्षीय सम्बन्धका विविध पक्ष र नेकपा (एमाले) र चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी)बीचको पार्टीगत सम्बन्धका विभिन्न आयामबारे छलफल हुने जनाइएको छ ।

# गिद्ध संरक्षण सप्ताहमा सरसफाइ


**रासस**
चितवन, १५ साउन

गिद्ध संरक्षण सप्ताहका अवसरमा शुक्रबार सौराहामा सरसफाइ कार्यक्रम गरिएको छ । सरोकारवाला सङ्घसंस्थाको सहकार्यमा राप्ती किनारमा सरसफाइ गरिएको हो ।

सङ्कटापन्न अवस्थामा पुगेको गिद्ध संरक्षण गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको हो । मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समिति र समुदायमा आधारित चोरी सिकार नियन्त्रण युवा जागरण अभियान बछौलीको आयोजना तथा वर्ड एजुकेशन सोसाइटी, नेचर गाइड एशोसियसन र सौराहा लेडी जेसीजको सहआयोजनामा कार्यक्रम गरिएको हो । शनिबार स्कुलका विद्यार्थीलाई कुमरोज सामुदायिक वनमा घुमाएर गिद्धसहितका चराको अवलोकन र महत्वका बारेमा जानकारी गराइँदैछ । सरसफाइ कार्यक्रम चितवन राष्ट्रिय निकुञ्ज सौराहा सेक्टरका प्रमुख शान्तबहादुर मगरको प्रमुख आतिथ्यतामा भएको थियो ।

प्रमुख मगरले गिद्धको सङ्ख्यालाई पुरानै अवस्थामा फर्काउन मुश्किल रहे पनि जोगाउनेतर्फ सबैको ध्यान केन्द्रित हुनुपर्ने बताउनुभयो ।कार्यक्रममा वर्ड एजुकेशन सोसाइटी चितवनका अध्यक्ष टीका गिरीले नेपालमा गिद्ध सङ्कटापन्न अवस्थामा रहेको भन्दै चितवनमा यसको प्रजनन् हुन छाडेको बताउनुभयो । जाडो महिनामा अन्तबाट गिद्ध चितवन आउँछन् । तर चितवनमा गिद्ध छैन ।


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगर पालिका वडा नं. १२ निवासी भारतीय भू.पू. सैनिक नं. 5341550 TS MK हर्क बहादुर गुरुङको छोरी सुनिता गुरुङको नेपाली नागरिकता प्रमाण पत्र नामथर सुनिता गुरुङ भएको र पिताको सैनिक अभिलखमा नामथर सुनिता कुमारी भएकोले उल्लेखित दुबै नामथर भएको व्यक्ति एउटै भएको पारिवारिक विवरण निम्नानुसार भएको व्यहोरा सिफारिस साथ अनुरोध छ भनी कास्की जिल्ला पोखरा महानगर पालिका, १२ नं. वडा कार्यालयको च.न. २३४ मिति २०८०/०१/०७ को सिफारिस पत्रबाट लेखि आएकोले पेन्सन प्रयोजनको लागि नियमानुसार हुन जिल्ला प्रशासन कार्यालय कास्कीको अनुरोध छ ।